Ref. No.- ६२१/२०८०-८१

मिति:२०८१।०२।०८१

# नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको नामबाट मिति २०८१/२/४ गते निकालिएको प्रेस विज्ञप्तिमा आपत्ति

आर्थिक वर्ष २०८१।८२ को बजेट र राजस्वका नीतिहरूको तर्जुमाको कार्य उत्कर्षमा पुगेको समयमा नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको नामबाट सरकारका राजस्वका नीतिहरूलाई प्रभावित पार्ने गरी निकालिएको प्रेस विज्ञप्तिमा हामी धुम्रपानको कारण मानिसको अमूल्य जीवनको अल्पायुमै भै रहेको क्षतिलाई जानकारी दिदै धुम्रपान विरूद्धको अभियान सञ्चालन गर्ने हामी अभियन्ताहरूको ध्यानकर्षण गरेको छ।

नेपाल सरकार पनि संयुक्त राष्ट्रसंघको सम्बद्ध र अभिन्न निकाय विश्व स्वास्थ्य संगठनको सदस्य राष्ट्र हो। विश्व स्वास्थ्य संगठनले चुरोट लगायतका धुम्रपानजन्य सामाग्रीहरूको अधिकतम् खुद्रा मूल्यमा ७५ प्रतिशत सम्म करको अंश हुनु पर्दछ भन्ने मान्यता राख्दछ। त्यस्ता सम्झौता अथावा समझदारी पत्रमा नेपाल सरकार पक्षधर बनेको छ।

विश्व स्वास्थ्य संगठनले नै आफ्ना सदस्य राष्ट्रहरूले धुम्रपानजन्य उत्पादनहरूमा के कति कर लगाएको छ भनेर तथ्याङ्क संकलन गर्ने र गणना गरेर एकिकृत सूचना प्रकाशित गर्ने गरेको पाइन्छ। ती तथ्याङ्कका अनुसार दक्षिण एशियाका देशहरूमध्ये नेपालमा धुम्रपानजन्य उत्पादनमा कम कर लगाइएको पाइएको छ।

नेपाल विकास अनुसंधान प्रतिष्ठानबाट गरिएको अध्ययन अनुसन्धान र स्वास्थ्य अर्थशास्त्रीहरूको अध्ययन तथा गणनाबाट हेर्दा पनि धुम्रपानजन्य उत्पादन खासगरी चुरोटमा नेपालमा कर कम लगाइएको पाइएको छ।

सो विज्ञप्तिमा गलत सूचनाहरू प्रवाह गरेर सरकार र जनसाधारण एवम् सरोकारवालाहरूलाई भ्रम छर्न खोजिएको छ। यसलाई निम्न बुँदाहरूमा उल्लेख गरेका छौं।

१. अधिकतम खुद्रा मुल्य (MRP) को मतलब बेच्न तयार गरिएको प्याकेटको मुल्य उपभोक्ताले तिर्ने (अन्तिम मुल्य) लाइ बुझाउँदछ। जसमा सबै प्रकारका अप्रतक्ष्य कर र लागत जोडेर अधिकतम खुद्रा मुल्य तयार गरिएको हुन्छ, यहाँ अधिकतम खुद्रा मुल्य भनेर गलत ब्याख्या गरिएको छ र त्यसपछि अन्य कर थप गरिएको छ।

२. देश भित्र तयार भएका बस्तुमा भन्सार शुल्क लाग्दैन, भन्सार शुल्क लाग्ने भनेको raw materials मा हो जुन kg मा लाग्छ। विज्ञप्तिमा packet मा भन्सार शुल्क जोडिएको छ जुन सरासर गलत छ भने अर्को तर्फ औद्योगिक कच्चा पदार्थ(raw material) मा लाग्ने शुल्क उत्पादित वस्तुको लागत मुल्यमानै जोडिएको हुन्छ। लागतको प्रमुख तत्व नै

भन्सार महसुल हो भने त्यसलाई फेरी गणना गरि तथ्याङ्कलाई हेरफेर गर्ने प्रयास गरिएको छ। बढी कर लागेको देखाउन खोजिएको छ।

३. सो बिज्ञप्ति अनुसार गणना गर्ने हो भने पनि ब्रान्ड १ भनेर राखिएको मूल्यलाई नै गणना गर्दा पनि १३१+ ७२+ १५+ ७= २२५ हुन्छ, २२५ मा बिज्ञप्तिमै भने अनुसार ९४ रुपैयाँ कर लगाउँदा पनि अधिकतम खुद्रा मुल्यको ४१.७७ % मात्र हुन् जान्छ तर उक्त विज्ञप्तिमा प्रतिशतको गणनानै गलत आधारमा गरिएको छ ।

४. अधिकतम खुद्रा मुल्य (MRP) अत्यन्तै कम राखिएको छ। अहिले बजारमा सबै भन्दा बढी बिक्रि हुने टायर ७५-८५ mm को एउटा प्याकेटको मुल्य औसतमा २४० रुपैयाँ छ, जसबाट अन्तःशुल्क, स्वास्थ जोखिम कर र मुल्य अभिवृद्धि करको हिस्सा निकाल्दा ४१% हुन्छ।

५. उक्त बिज्ञप्तिमा कर कम देखाएर आयातित एवं गैरकानुनि बस्तुलाई प्रोत्साहन गर्न खोजिएको भनिएको छ तर अन्य छिमेकी देशहरुमा भन्दा नेपालमा चुरोटको मुल्य तुलनात्मक रुपमा कम छ भने महँगो सामान त्यो पनि गैरकानुनी तवरले आउछ भन्ने सवाल नै उठ्दैन। नेपाल विकास अनुसन्धान प्रतिष्ठानले हालसालै गरेको देशब्यापी सर्वेक्षण अनुसार नेपालमा अबैध रुपमा चुरोट भित्रिदैन भन्ने तथ्यांक प्रस्ट छ, नगन्य मात्र०.३३ % मात्र छ, त्यो पनि मूल्यको कारणले नभई अन्य कुराहरुले जस्तै स्वादको कारणले देखिन्छ।

विश्वका अधिकांश मुलुकहरूले विश्व स्वास्थ्य संगठनको सिफारिसलाई ध्यानमा राखेर धुम्रपानजन्य वस्तुहरूमा करका दरहरू तय गरेको देखिन्छ। यी उत्पादनहरूको सेवनकर्ताहरूले अल्पायुमै आफ्नो जीवन लिला समाप्त गरेका छन्। विश्वमै धुम्रपानका कारण हुने रोगहरूको कारणबाट मृत्यु बरण गर्नेको संख्या अधिक रहेको तथ्यहरूले प्रमाणित गरेका छन्।

यस्ता वस्तुहरूको उत्पादन गर्नेहरूले ती वस्तुको सेवनकर्ता तथा तिनका वरिपरिका जनताको बाँच्न पाउने अधिकारको हनन गरेका छन्।

यसरी सरोकारवाला निकायहरूलाई दिग्भ्रमित पार्ने गरी गलत तथ्याङ्क र तर्क राखेर निकालिएको विज्ञप्ति प्रति यस अभियानमा संलग्न व्यक्तित्वहरूले खेद प्रकट गर्दछौं। नेपाल सरकारले धुम्रपानजन्य वस्तुमा कम लगायको करलाई बढाउनु पर्दछ भनेर पुनः अपिल गर्न चाहान्छौं।

डा. जय कुमार गुरुङ
संयोजक, सुर्तीजन्य पदार्थ नियन्त्रण कार्यक्रम

Manbhawan, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal Tel.: +977-1-5454975, 5437362 Fax: +977-1-5437362
E-mail: info@ndri.org.np, Web: http://www.ndri.org.np